☎ : ०९९-४२००५५

# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पुनर्वास,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं. ०८१/०८२
च.नं. ...११८२

पुनर्वास नगरपालिका नगर कार्यपालिकाको कार्यालय पुनर्वास, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

मिति २०८१/०८/२०

विषय – परिपत्र सम्बन्धमा ।

श्री सहकारी संस्थाहरु सबै(३७)

पुनर्वास नगरपालिका ।

प्रस्तुत विषयका सम्बन्धमा संघीय सहकारी ऐन २०७४ नियमावली २०७५ प्रदेश सहकारी ऐन नियमावली २०७६ पुनर्वास नगरपालिकाको सहकारी ऐन २०७५ नियमावली २०७७ अनुसार सहकारी संस्था हरुले ऐन नियमको अक्षरस पालना गरि कामकाज गर्नु पर्नेमा कतिपय सहकारी संस्थाहरुले पालना नगरेको गुनासो आएकोले तपसिलमा उल्लेखित बुदाहरु कार्यान्वयन गर्न हुन यो परिपत्र पठाईएको छ । आ-आफ्नो सहकारी संस्थामा कडाईका साथ कार्यान्वयन गर्न गराउन हुन जानकारी गराईन्छ ।

तपसिल

१. सहकारी ऐन नियम कार्यविधि र मापदण्डहरुको पुर्ण पालना गर्ने गराउने ।
२. सहकारी विभाग, प्रदेश रजिष्ट्रार कार्यालय र नगरपालिका बाट गरिएका परिपत्र,निर्देशन हरुको पालना गर्ने।
३. ऐन नियमको परिधि भित्र रहि संस्था को लेखापरीक्षण र साधारण सभा समयमै सम्पन्न गरी जानकारी पठाउने ।
४. कोपोमिस प्रणाली (Co-operative and poverty related management information system) एकिकृत विधुतिय सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सुचना प्रणालीमा सहकारी को विवरण इन्ट्री गर्ने।
५. सहकारीका शेयर सद्स्य हरुलाई सहकारी शिक्षा तालिम र प्रयाप्त सुचना दिने व्यवस्था मिलाउने ।
६. सहकारी संस्थाको साधारण सभा सञ्चालन गर्दा गणपुरक संख्या नपुगे सञ्चालन नगर्ने ।

धौलराम सार्की
प्रशासकीय अधिकृत

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

: www.punarbasmun.gov.np

: info@punarbasmun.gov.np

☎ : ०९९-४२००५५

# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पुनर्वास,कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल
२०७३

प. सं. ०८१/०८२
च.नं. .........

७. सहकारी संस्थाको विनियम संसोधन गर्दा शेयर सदस्य हरु संग व्यापक छलफल गर्ने।

८. संघीय सहकारी नियमावली २०७५ को नियम ८१ उप नियम (१ र २) को व्यवस्था कडाईका साथ पालना गर्ने।

९. ऋण असुली प्रकृयालाई कार्य योजना बनाई कार्यान्वयन गर्ने र ऋणको उदेश्य अनुरुप खर्च भए नभएको अनुगमन गर्ने ।

१०. सहकारी संस्थामा दोहोरो सञ्चालक वा दोहोरो जिम्मेवारी पाएका कर्मचारी भए हटाउने र जानकारी नगरपालिकामा पठाउने ।

११. सञ्चालक समितिको निर्णय विना व्यवस्थापक ले ऋण लगानी गर्ने कार्य बन्द गर्ने । कार्यविधी बनायर मात्र काम गर्ने ।

१२. ऋण लगानी गर्दा अन्य सहकारी बाट ऋण लिए नलिएको ऐकिन गरेर मात्र ऋण लगानी गर्ने।

१३. पुनर्वास नगरपालिकाको साहकारी ऐन २०७५ को दफा ५३ र नियमावली दफा २३ अनुसारका विवरण समयमै नगरपालिका पठाउने ।

१४. सहकारी संस्थाले विनियम, आन्तरिक कार्यविधि हरु, लेखा सुपरिवेक्षण समिति,सञ्चालक समितीको नामावली, सस्था दर्ता प्रमाण पत्र, पान दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाण पत्र, र शेयर सदस्य हरुको नामावली छुट्टै फाईल निर्माण गरी नगरपालिकामा यथाशिग्र पठाउने ।

१५. सञ्चालक समितिका पदाधिकारी र लेखा सुपरिवेक्षेण समितिका पदाधिकारिहरुको बैठक भत्ता तोक्ने काम साधरण सभा बाट मात्र गर्ने ।

धौलराम सार्की
प्रशासकीय अधिकृत

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

: www.punarbasmun.gov.np
: info@punarbasmun.gov.np